२. मूल नियमहरूको नियम ४ मा संशोधनः– मूल नियमहरूको नियम ४ को उपनियम (१) को सट्टा देहाएबमोजिमको उपनियम (१) राखिएको छः–

(१) नियम ३ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र पर्नआएको फांटवारीका सम्बन्धमा आवश्यक कुराहरू जांचबुझ गर्नको निमित्त सरोकारवाला व्यक्तिहरू उपस्थित हुनु भनी कम्तिमा पन्द्र दिनको म्याद तोकी कमिशनले जग्गा भएको सम्बन्धित पञ्चायतमा सबैले देख्ने ठाउँमा सूचना टाँस्नु पर्दछ । सो बमोजिम सूचना टांस भएपछि सम्बन्धित व्यक्तिहरूलाई तामेल भएको मानिने छ ।
यसरी टांस गरिएको सूचनाको म्याद भित्र सरोकारवाला व्यक्तिहरू उपस्थित नभएमा पनि कमिशनले आवश्यक जांचबुझ गरी ऐन बमोजिम जफत हुने जग्गा जफत गरी बिक्री वितरण गर्न कमिशनलाई बाधा पुऱ्याएको मानिने छैन

आज्ञाले–
रामबहादुर रावल
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।